# पाणिनी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

दुर्गाफाँट, अर्घाखाँची
५ नं. प्रदेश, नेपाल

पत्र संख्या/Ref. No.:

चलानी नम्बर/Dispach No.: मिति/Date:..............................

विषयः प्रेस विज्ञप्ति ।

कोरोना भाइरस (कोभिड-१९)को संक्रमणको विश्वव्यापी महामारीका कारण सिर्जित परिस्थितिको प्रतिकार्यमा पाणिनी गाउँपालिका आफ्नो तर्फबाट सबै प्रयासहरु गरिरहेको छ। यसै महामारीको प्रतिकार्य गर्ने क्रममा यस पाणिनी गाउँपालिका, गाउँसभा सदस्य, वडा नं. ८ पालीका वडासदस्य कौसर अली कोरोना भाइरस(कोभिड-१९) संक्रमण पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी व्यवस्था गर्न गठित वडास्तरीय समन्वय समितिको बैठकमा सहभागी हुन वडा कार्यालयतर्फ जाँदै गर्दा वडा नं.८ मा पर्ने थामथोक भन्ने स्थानमा निजमाथि साङ्घातिक आक्रमण भई घाइते हुनुभएको भन्ने खबरले गाउँपालिका परिवार मर्माहत भएको छ ।आक्रमणमा परी गम्भीर घाइते हुनुभएका कौसर अली हाल रुपन्देहीस्थित क्रिमशन अस्पतालमा उपचाररत हुनुहुन्छ ।उपचाररत कौसर अलीको स्वास्थ्यमा शीघ्र सुधार होस् भनी स्वास्थ्य लाभको कामना गर्दछौं ।स्थानीयबासीहरुको सेवामा खटिएकै समयमा भएको त्यस प्रकारको साङ्घातिक आक्रमण तथा आपराधिक क्रियाकलापको पाणिनी गाउँपालिका घोर भ्रर्त्सना गर्दछ । साथै यस प्रकारका आपराधिक क्रियाकलापमा संलग्न व्यक्तिलाई कानूनी कारवाहीको लागि स्थानीय प्रशासनसँग जोडदार माग गर्दछ।

यस अवस्थामा पाणिनी -८ पालीका स्थानीयबासीहरु तथा सम्पूर्ण गाउँपालिकाबासी आमाबुबा, दाजुभाई तथा दिदीबहिनीहरुलाई यस खालका घटनाहरुबाट आक्रोशित नभइ संयमता अपनाउन र दोषिलाई कारवाही गर्न स्थानीय प्रशासनलाई सहयोग गर्न समेत अपिल गर्दछौं।

अच्युत गौतम

अध्यक्ष

तथा समस्त पाणिनी गाउँपालिका परिवार

अर्घाखाँची ।

मितिः२०७७/०२/२२

अच्युत गौतम
अध्यक्ष